**कमलामाइ नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को आठौ हिउदे नगरसभामा नगरप्रमुख श्री खड्ग बहादुर खत्री ज्यूको सम्बोधन ।**

कमलामाई नगरपालिकाको यस गरिमामय आठौ नगरसभामा उपस्थित उपप्रमुख ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
नगरसभाका सबै सदस्य ज्यूहरु,
उपस्थित कर्मचारी मित्रहरु ।
सबैमा कमलामाई नगरपालिकाको तर्फबाट र मरो व्यक्तिगत तर्फबाट यहाँहरुलाई न्यानो स्वागत गर्न चाहन्छु ।

१. यस महत्वपूर्ण घडीमा नेपालको राजनीतिक परिर्वतनको आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दै, घाइते तथा बेपत्ता योद्धाहरु प्रति म उच्च सम्मान ब्यक्त गर्न चाहन्छु । साथै, राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समानता र संघीय शासन प्रणाली स्थापना गर्न संघर्ष गर्नुहुने सम्पूर्ण नेपाली जनतामा पनि सम्मान ब्यक्त गर्दछु ।

२. यस आर्थिक वर्षमा पनि कोभिड १९ माहामारीको प्रभाव हट्न सकिरहेको छैन । यसका कारण सिङगो मानव जाति माथि नै ठुलो चुनौती पैदा भएको छ । यस महामारीमा लाखौ मानिसको ज्यान गैसकेको छ । अझै पनि धेरै संक्रमित छन् यसबाट संक्रमित भई कमलामाई नगरपालिका सहित देश भित्र र बाहिर जीवन गुमाउनु हुने नेपाली तथा विश्वभरिकै सम्पुर्ण महानुभावहरुमा हार्दिक श्रद्धान्जली व्यक्त गर्दै परिवार जन प्रति गहिरो समवेदना प्रकट गर्दछु । अहिले उपचारार्थ रहनु हुने सम्पुर्ण दिदी बहिनी तथा दाजुभाईको शीघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु ।

३. कमलामाई नगरपालिकाले पारित गरेको आ.ब.२०७७/७८ को नीति, कार्यक्रम र बजेट अनुसार आफ्ना विभिन्न कार्यहरु अघि बढाइरहेको कुरा यहाँहरुलाई अवगत नै छ । विभिन्न अप्ठ्यार परिस्थितिहरुको सामना गर्दै नगरपालिकाको कार्यमा अहोरात्र लागिरहनुहुने यस नगरसभाका सम्पूर्ण सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी परिवार त्यस्तै नगरपालिका सँग सहकार्य गर्ने सामाजिक संघसंस्था, निजी क्षेत्र , प्रेस जगत तथा आम नगरवासी प्रति म हार्दिक धन्यवाद दिन चाहन्छु । नगरको सर्वोपरी विकासमा हामी सवैको एकता, हातेमालो र पारस्परिक सहयोगबाट मात्र संभव हुने हुनाले आउदा दिनहरुमा पनि नगरले लिएको नीति कार्यक्रमलाई सफलिभूत बनाउन हामी सवैको साझा प्रयास र एकता अझ सुदृढ हुदै जानेछ भन्ने कुरामा मैले विश्वास लिएको छु ।
४. समयको परिवर्तन र जनतामा आएको चेतनाको स्तरलाई मध्यनजर गरी नगरले प्रवाह गर्ने सेवालाई प्रविधि मैत्री बनाउदै लगिएको छ । प्रविधिको प्रयोगले काममा शीघ्रता, पारदर्शिता र विश्वसनीयता बढाउने र आमजनताले नगरको सेवा प्रवाहमा परिवर्तको अनुभूति गर्न सक्ने भएकाले प्रविधिको प्रयोगमा जोड दिइएको छ ।

***आदरणीय नगरसभाका सदस्य ज्यूहरु,***

५. चालु आर्थिक वर्ष २०७७/७८ को झण्डै छ महिना व्यतित भैसकेको अहिलेको अवस्थामा नगरपालिकाले अनुमान गरेको आम्दानी तथा खर्चको हालको संक्षिप्त विवरण म यस सम्मानित सभामा पेश गर्न चाहन्छु ।

**आय तर्फः**

| आय | | | |
|---|---|---|---|
| शीर्षक | प्रस्ता वत आय | वास्त वक आय | आयको प्रगती |
| संघीय सरकारबाट प्राप्त हुने कूल अनुदान आय तर्फ | ६४,५८,३२,०००.०० | ३३,८२,४९,९९८.५९ | ५२.३७% |
| प्रदेश सरकारबाट प्राप्त हुने कुल अनुदान आयतर्फ | ६,०५,१४,०००.०० | १,५१,२८,५००.०० | २५% |
| राजस्व बाडफाडतर्फ कुल आम्दानी संघ र प्रदेश दुवै गरी | २६,०६,९८,६६०.०० | ५,८४,३२,८६७.१२ | २२.४२% |
| अन्तरिक श्रोत तर्फ | ५,०१,००,०००.०० | २,३३,९०,००५.८८ | ४७% |
| गत बर्षको बैंक मौज्दात | १६,८४,८६,७३४ | १८,१२,२०,३७४ | १०७.५% |

**व्ययतर्फः-**

| शीर्षक | बा र्षक बजेट | खर्च | खर्चको प्रगती(% ) |
|---|---|---|---|
| चालुतर्फ | ७४,४४,०८,७३४ | ३०,९८,६९,४९४.३८ | ४१.६३% |

| | | | |
|---|---|---|---|
| पूंजीगतर्फ | ४७,०८,५७,६६० | १०,२६,०२,१४४.४३ | २१.७९% |

६. **चालु** आर्थिक वर्षको यस हिउदे नगरसभा गरिरहदा कमलामाई नगरपालिकाले यसै आर्थिक वर्षमा कार्यसम्पन्न गरिसकेका केही महत्वपूर्ण योजना तथा कार्यक्रमको वारेमा म यस सभामा प्रस्तुत गर्न चाहन्छु ।

- कमलामाई नगरपालिकाको वडा नं. ४ मा अवस्थित ढुंग्रेवास-हिरापानी कालोपत्रे सडक निर्माण र ढुंग्रेवास कालोपत्रे सडक मर्मत कार्य सम्पन्न भएको छ ।
- कमलामाई नगरपालिका वडा नं. १० स्थित डाँडाटोल-दोभानटार कालोपत्रे निर्माण कार्य र वडा नं. ५, रानीखोला-सिलामे सडकको पहिलो खण्ड कालोपत्रे गर्ने काम सम्पन्न भएको छ ।
- कालोपत्रे सडक निर्माण वडा नं.१० काउछे र कालोपत्रे सडक निर्माण वडा नं. ८ को कार्य सम्पन्न भएको छ ।
- कमलामाई नगरपालिका वडा नं. ५, ८, १२ र १३ मा आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण सम्पन्न भएको छ भने वडा नं. ११ को स्वास्थ्य चौकी भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।
- जलकन्या मा.वि. चपौली भवन संरक्षण र जनजाग्रिति मा.वि. भिमानको विद्यालय भवन निर्माण कार्य सम्पन्न भएको छ ।
- नगरक्षेत्रभित्र सडकपोल बत्तीको कार्य सम्पन्न भएको छ ।
- ठेक्का मार्फत कार्य भएको सोलार बत्ती तथा सी.सी.क्यामेरा जडानको कार्य सम्पन्न भएको छ ।
- नगरपालिकाको १४ वटै वडाकार्यालयहरुमा इन्टरनेट पुर्‍याइसकिएको छ ।
- नेपाल सरकारको नीति र कानून अनुसार सामाजिक सुरक्षा भत्ता वितरण बैकिङ्ग प्रणालीबाट गर्नुपर्नेमा सो कार्य पूर्ण रुपमा लागु भैसकेको छ ।
- विभिन्न व्यक्तिगत घटना दर्ता जस्तो जन्म, मृत्यु, विवाह, बसाईसराई , सम्बन्धविच्छेद जस्ता घटनाहरुको पुराना अभिलेखहरुलाई सवै वडाकार्यालयहरुबाट ल्याई त्यसलाई डिजिटाईजेशन गर्ने कार्यको अन्तिम चरणमा रहेको छ ।
- स्वास्थ्य विमाको लागि नामावली संकलन गर्ने कार्य भएको छ ।
- बेरोजगार तथा उधमशील युवाहरुलाई रोजगारी श्रृजना गर्ने र आत्मनिर्भर बनाउने कार्यमा युवा स्वरोजगार कार्यक्रम र नगरस्वरोजगार कार्यक्रमका लागि नामावली संकलनको कार्य सम्पन्न भएको छ । युवा स्वरोजगारको लागि पहिलो चरणको फिल्ड अनुगमन गरी युवाहरुलाई नगरपालिकाले विना धितो विना व्याज सहितको कर्जा उपलब्ध गराउने कार्य भैरहेको छ ।

- नगरपालिकाको आर्थिक सहयोग तथा  नेपाल रेडक्रस सोसाईटी सिन्धुलीको सहकार्यमा आँखामा मोतियाविन्दु लागेका व्यक्तिहरुको निशुल्क उपचार शिविर सम्पन्न भएको छ ।
- सूचना र प्रविधिको प्रयोगका सम्बन्धमा कार्यहरु जस्तो अनलाईन व्यक्तिगत घटना दर्ता, समाजिक सुरक्षा भत्ताको अभिलेख व्यवस्थापन अनलाईन मार्फत , त्यस्तै आन्तरिक राजश्व संकलन कार्य अनलाईन मार्फत, अनलाईन प्रणालीबाट दर्ता चलानी जस्ता कार्यहरु १४ वटै वडा कार्यालयहरुबाट हुने व्यवस्थाको थालनी भएको छ । लेखा व्यवस्थापनमा सुत्र प्रणालीको प्रयोग, सामुदायिक विधालयका शिक्षकहरुको अभिलेख प्रणाली, नगरपालिकाका कर्मचारीहरुको अभिलेख प्रणाली, कार्यालयको जिन्सी व्यवस्थापन, योजना शाखाको कार्य, घरनक्साको कार्य आदिमा अनलाईन सफ्टवेअरबाट कार्य हुने गरी व्यवस्था मिलाइएको छ । यसले सेवाग्राहीको काममा सरलता ल्याई नगरपालिकाको प्रशासनिक कार्य सहज र प्रभावकारी हुदै जानेछ भन्ने मैले विश्वास लिएको छु ।

***<u>आदरणीय नगरसभाका सदस्य ज्यूहरु,</u>***

७. चालु आर्थिक वर्षमा कमलामाई नगरपालिकाले शुरु गरेका र सम्पन्न हुन बाँकी केही महत्वपूर्ण योजना तथा कार्यक्रमहरुको वारेमा म उल्लेख गर्न चाहन्छु ।

- कमलामाई नगरपालिका वडा नं. ६, रातमाटा प्लानिङ्ग, पानीट्याँकी-डाँडाटोल, पानीट्याँकी-आछामेटोल, वडा नं. ५, रानीखोला-सिलामे दोश्रो खण्ड, वडा नं. ७, पेट्रोलपम्प-खैरेनी-सिम्ले-बाँसकटेरी, वडा नं. १०, डाँडाटोल-दोभानटार कालोपत्रे दोश्रो सडक निर्माण कार्य शुरु भएको छ ।
- नगर सभा हल निर्माणको लागि प्राविधिक बोलपत्र मूल्याँकन भई आर्थिक बोलपत्र मूल्याँकनको कार्य बाँकी रहेको छ । उक्त कार्य चाडै सकि ठेक्का सम्झौता गरी काम शुरु हुनेछ ।
- जनमैत्री खानेपानी योजना कमलामाई नगरपालिका वडा न. ७ मा विशेष अनुदान संघबाट प्राप्त बजेटले  संचालन हुने र सो कार्यको प्राविधिक वोलपत्र मूल्याँकनको काम भई ठेक्का प्रक्रियाको अन्तिम चरणमा रहेको छ ।
- नगरभित्रका ऐलानी जग्गा , सुकुम्वासी तथा अव्यवस्थित बसोवासलाई व्यवस्थित गर्ने कार्यमा भूमि सम्बन्धी समस्या समाधान आयोगसँग सहकार्य गरी कमलामाई नगरपालिका आफैले बजेट विनियोजन गरी कमलामाई नगरपालिकाका विभिन्न वडाहरु  लगायतका वडाहरुमा ऐलानी जग्गाको लगत संकलन गर्ने कार्यको थालनी गरिएको छ ।

८. कोरोनाको कारणले झण्डै १० महिना देखि आक्रान्त भएको जनजीवन विस्तारै सामान्य बन्दै गैरहेको परिवेसमा हामीले स्वास्थ्य प्रति संवेदनशिल हुदै हाम्रा विकासका विभिन्न कार्यहरुलाई थप तिव्रता दिनुपर्ने देखिन्छ । यसका लागि हामीहरु एक जुट भएर नगरको हीतको लागि हातमालो गर्न म सबै सँग अपिल गर्न चाहन्छु ।

**धन्यवाद ।**

(खड्ग बहादुर खत्री
)

नगर प्रमुख
मितिः २०७७/०९/२९